नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.............................................. शाखा)

प.सं. : ०७९/०८० क्ष.शा.
च.नं. : ३२

सिंहदरबार, काठमाण्डौ
मितिः- २०७९/०४/१५

विषयः मानव अधिकार पुरस्कारको लागि आवेदन आह्वान सम्बन्धि सूचनाको प्रचार प्रसार सम्बन्धमा।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश, पोखरा, नेपाल।

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको तर्फबाट मानव अधिकार दिवसको अवसरमा वि.सं. २०७८ देखि मानव अधिकार पुस्कार प्रदान गर्न शुरु गरिएको विदितै छ। यस वर्ष प्रदान गरिने मानव अधिकार पुरस्कारको लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरुको आवेदन माग गरी यहि मिति २०७९०४/१५ को गोरखापत्र र कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएको छ। उक्त सूचना बढी भन्दा बढी मानव अधिकारको क्षेत्रमा क्रियाशिल व्यक्ति तथा संस्था समक्ष पुगोस भन्नको लागि सूचनाको प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको छ। त्यस कार्यालयबाट सूचनाको प्रचारप्रसारका लागि आवश्यक सहयोग गरिदिनु निर्देशानुसार अनुरोध छ।

२०७९/०४/१५

(अनुजा दत्त)
शाखा अधिकृत

दर्ता नं: 269
मिति: २०७९/०४/22
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरा

श्री सचिवजी (प्रशासन)
२०७९/४/22

# नेपाल सरकार
## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको
## मानव अधिकार पुरस्कार सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति : २०७९।४।१५)

मानव अधिकारको संरक्षण र संवर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याउने एक जना व्यक्ति र एक संस्थालाई प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा नेपाल सरकारका तर्फबाट मानव अधिकार पुरस्कार प्रदान गरिने व्यहोरा सूचित गरिन्छ। यस वर्ष प्रदान गरिने मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरूले मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८ बमोजिम आवश्यक कागजात संलग्न गरी सोही कार्यविधिको अनुसूचीमा रहेको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयमा आवेदन दिन वा यस मन्त्रालयको तल उल्लिखित इमेलमा पठाई मानव अधिकार पुरस्कार छनोट प्रक्रियामा सहभागी हुन आह्वान गरिन्छ।

इमेल: infolaw@moljpa.gov.np

पुनश्च: मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८ यस मन्त्रालयको वेबसाइट (www.moljpa.gov.np) मा राखिएको छ।

मानव अधिकार पुरस्कार समितिको सचिवालय
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं